| | |
|---|---|
| # प्रवाह | मण्डलीमा आत्मिक वृद्धिको प्रारम्भ |
| रेभ. पावल बकनेल | |

# प्रवाहको सर्वेक्षण

## इसाई चेलापन तालिमको रुपरेखा

## १ यूहन्ना २:१२-१४

रेभ. पावल जे. बकनेल

प्रश्नहरु

- इसाईहरुको आत्मिकी वृद्धि कसरी हुन्छ ?
- किन धेरै इसाईहरु ठिक तरिकाले हुर्कदैनन् ?
- मैले एउटा बिश्वासीलाई आत्मिक रुपमा हुर्कनको निम्ति कसरी सहायता गर्न सक्छु ?
- प्रत्येक बिश्वासीको आत्मिकी वृद्धिमा परमेश्वरको ढाँचा के छ ?

आत्मिकी नक्सा नहुनु, जीवनमा निर्देशन नहुनु

- सजिलै परिक्षामा पर्नु


१ यूहन्ना २:१२-१४ बाटको खोज

"मेरा साना बालकहरु, म तिमीहरुलाई लेखिरहेछु, किनभने उहाँका नाउको खातिर तिमीहरुका पाप क्षमा भएको छ। पिताहरु म तिमीहरुलाई लेखिरहेछु, किनभने शुरुदेखि नै हुनुहुनेलाई तिमीहरु चिन्दछौ, युवकहरु, म तिमीहरुलाई लेखिर हेछु, किनभने तिमीहरुले त्यस दुष्टलाई जितेका छौ । मेरा साना बालकहरु, म तिमीहरुलाई लेखिरहेछु, किनभने तिमीहरुले पितालाई चिनेका छौ । पिताहरु, म तिमीहरुलाई लेखिरहेछु, किनभने शुरुदेखि नै हुनुहुनेलाई तिमीहरु चिन्दछौ । युवक हो, म तिमीहरुलाई लेखिरहेछु , किनभने तिमीहरु बलिया छौ, र परमेश्वरको वचन तिमीहरुमा र हन्छ, र तिमीहरुले त्यस दुष्टलाई जितेका छौ ।" १ यूहन्ना २:१२-१४

- दुई पटक लेखिएको

वृद्धी अनुरुपता

- अन्तरसम्वन्धको शक्ति
- आत्मिक वृद्धिले परिवारमा भौतिक वृद्धिलाई समानान्तर वनाउछ ।
- आत्मिक अपरिचितलाई वर्णन गर्नको लागि सुपरचितलाई प्रयोग गरिन्छ ।



## चेलापनको दर्शन

तब येशू तिनीहरुकहां आएर भन्नुभयो, "स्वर्ग र पृथ्विमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु। "

## बिउको सम्भाव्यता

### १ पत्रुस १:२३-२५ अबिनासी बिउद्वारा जन्म

"परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यवाट तिमीहरु नयाँ गरी जन्मेका छौ। किनकि "सबै प्राणी घाँस जस्तै हुन् र तिनका सबै गौरव घाँसका फूलजस्ता।घाँस ओइलाउँछ र फूल झरिहाल्छ, तर प्रभुको वचन सदासर्वदा रहिरहन्छ।" (१ पत्रूस १:२३-२५)

### जीवन र मृत्यूका चिन्हहरु

| जीवन | मृत्यू |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

### आत्मिकी जीवनको प्रारम्भः

सेवकाईमा प्रभावकारी आत्मिक कुराहरु थाहा पाउन मुख्य गरी दुइवटा कुराहरु जान्नु आवश्यक छ।

- बिश्वास प्राप्त गर्नु - प्रचार (यूहन्ना १:१२-१३)
- बिश्वासमा वृद्धि गर्नु - शुद्धिकरण (फिलिप्पी १:६)

## आत्मिक जीवनमा वृद्धि - बिश्वासमा उन्नति

- आत्मिक वृद्धिका सारांशवृद्धि भनेको सामान्य र आशा गरिएको कुरा हो।
- प्रत्येक बिश्वासीमा वृद्धिको आशा हुन्छ।

- केटाकेटीहरु - जवान - पिताहरु - येशू जस्तै हुनु

# प्रवाह

## इसाई वृद्धिका चिन्हहरु

१ यूहन्ना २:१२-१४

(डायग्राम छ ।)

- प्रत्येक चरणमा ठुला आशिषहरु आउँछन् ।
- हामि आत्मिकी रुपमा जति बढ्दै जान्छौं त्यति नै हाम्रो सेवामा वृद्धि हुंदै जान्छ ।

## व्यक्तिको आत्मिक बृद्धिको भिन्नताको रेखाचित्र

- ♦ नयाँ जीवन
  - के तपाईंसित नयाँ जीवन छ ?
  - तपाईंसित नयाँ जीवनको चिन्ह के छ ?
- ♦ नयाँ बिश्वासी
  - तपाईंलाई मुक्तिको बारेमा शंका छ ? किन ?
  - के तपाईंलाई अझै क्षमा नभएको कुनै पाप छ जस्तो लाग्छ ? तिनीहरु के के हुन् ?
  - के तपाईंसित परमेश्वरले नजिकको सम्बन्ध कायम गर्न चाहनु हुन्छ ?
- ♦ जवान बिश्वासी
  - परमेश्वरको वचनको गहिराईमा पुग्नको लागि तपाईंले के कदम चाल्न सक्नु हुन्छ ?
  - तपाईंले पराजयलाई कसरी प्रबन्ध गर्नुहुन्छ ?
  - परमेश्वरको वचनमा तपाईंले कति समय खर्चिनु हुन्छ ? के तपाईं यो समयमा आनन्द लिनुहुन्छ ?
- ♦ परिपक्व बिश्वासी
  - के तपाईं अहिले नै कुनै परिक्षण गर्दै हुनुहुन्छ ?के तपाईंले बिश्वासलाई बलियो बनाउंदै हुनुहुन्छ वा कमजोर महशुश गरिरहनु भएको छ ?

- तपाँईले आज कसको सेवा गर्दै हुनुहुन्छ ?
- के तपाँईले उनिहरुको सहायताको लागि जीवन शिक्षा बाँड्न सक्नुहुन्छ ?

➢ लक्ष्य : खीष्टको प्रतिरुप
- कुन तह सम्म तपाइँ खीष्टका प्रतिरुपमा वनिईरहनु भएको छ ? व्याख्या गर्नुहोस ।
- के तपाइँ आज बढ्दै हुनुहुन्छ ?

अनुपयुक्त तालिमका असरहरु :
- तपाइँले आफ्नो आत्मिक जीवनमा कस्ता अप्ठेरहरुको सामना गर्दै हुनुहुन्छ ?
- तपाइँ किन वढ्नु भएको छैन?
- के म तपाइँलाई कसरी आत्मिक जीवनमा वढ्दै जान सकिन्छ भन्ने कुरा देखाउं?

व्यक्तिगत चिन्तन :
- के तपाइँ वढ्दै हुनुहुन्छ ? कुन तहमा हुनुहुन्छ त?
- के तपाइँले अरुलाई पनि वढ्नमा सहायता पु-याउंदै हुनुहुन्छ ?
- क तपाइँलाई अरुलाई वढ्नमा कसरी सहायता गर्न सकिन्छ भन्ने कुरा थाहा छ ?

## ❖ प्रवाह सम्वन्धि संक्षिप्त अतिरीक्त तालिका :

चेलापनका तिन स्तरहरुलाई तुलना गरिएको :

| | | |
|---|---|---|
| परमेश्वरको प्रेमवाट प्राप्त हुने भरोसा | उहाँको वचनद्वारा वलियो हुनु | अरुको वास्ता गर्नको लागि प्रभुको घनिष्टतामा वढ्नु |
| -उत्साहित भएको<br>-स्वीकारिएको<br>-आफ्नो वनाईएको | -विजय पाउनु<br>-वलियो हुनु<br>-परमेश्वरको वचन | -वढ्दै जानु<br>-परमेश्वरलाई चिन्नु<br>-जन्माउन सक्ने<br>-आकारमा ढाल्न सक्ने |
| नयाँ विश्वासीहरुले वाईवलिय आधारभुत शिक्षा पाउंदा प्रभुमा वलियो भरोसा राख्छन् । | जवान विश्वांसीहरु परमेश्वरको वचनद्वारा उहाँ प्रतिको भरोसामा गहिरिंदा व्यक्तिगत स्वभावमा पनि वढ्छन् । | परिपक्व विश्वासीहरुले प्रभुमा गहिरो विश्वासको अनुभव गरेका हुन्छन् र उनिहरुले अरुलाई पनि वढ्नमा सहायता गर्न सक्छन् । |

परिचय :

### चेलापनको पहिलो तह : पत्ता लगाईएको प्रेम

- मुख्य विषयवस्तु : उहाँको प्रेममा वलियो शुरक्षा
    - हाम्रो खीष्टद्वारा हुने मुक्ति र उद्धारमा परमेश्वरले गर्नु भएको प्रेमको वारेमा जति हामि वुझ्न सक्छौं त्यति नै हामि उहाँ प्रतिको भरोसामा वढ्नसक्छौं भन्नेकुरा पत्ता लगाउनुहोस् । परमेश्वरले हामिलाई आफ्नो सन्तान वनाउनु हुन्छ, उहाँ जस्तै हुनको निम्ति तालिम दिनु हुन्छ र उहाँसंगै आफ्नो काममा लगाउनु हुन्छ ।
    - जीवनमा जे जस्ता सामना गर्नु परेता पनि परमेश्वर म सँग हुनुहुन्छ ।
    - जीवनको अर्थ - हामिलाई प्रेम गरिएको छ र हामि खीष्टका हौं भन्ने कुरा जान्नु
    - शिक्षक झैं खीष्टमा परमेश्वरले तिनिहरुलाई विभिन्न तरिकाले प्रेम गर्नुहुन्छ भन्ने यस तहमा थाहा पाउनको निम्ति हामि उत्तेजित गर्छौं । जसै हामि उनिहरुलाई उहाँको मुक्ति र उहाँले तालिम दिन साथै उहाँको योजनामा उनिहरुलाई सहभागि वनाउनुहुन्छ भन्ने कुराको शिक्षा दिन्छौं । हामिले जग वसालेका हुन्छौं जसद्वारा उनिहरुले आफ्नो जीवनमा भएको परमेश्वरको योजनालाई स्वीकार गर्छन् ।

### चेलापनको दोश्रो तह : निर्माण गरिएको आशा

- मुख्य विषयवस्तु : परमेश्वरको वचनमा पुर्ण बिश्वास
    - जसै हामिले हाम्रो जीवनमा निरन्तर पवित्र आत्माको शक्तिको अनुभव गर्दछौं, हामिले परमेश्वरको वचनमा पुर्ण विश्वासको निर्माण गरेका हुन्छौं । उहांको वचनद्वारा प्रभुले हामिलाई सत्यताको प्रकाश दिनुहुन्छ जसवाट हामिलाई उहांको बाटो थाहा गर्न सहायता

मिल्छ । त्यति नै वेला हामि दुख दिने र अन्यौलमा पार्ने दुष्टको वाटोको वारेमा अझै राम्रोसँग छुट्याउन सक्छौं ।

- जस्तोसुकै समस्याको सामना गर्नु परेता पनि परमेश्वरको वचनले मलाई विजयी हुन सक्षम तुल्याउंछ ।
- जीवनको शक्ति - परमेश्वरको वचनमा राखिएको हाम्रो पुर्ण विश्वांसद्वारा विजय हासिल गर्नु
- शिक्षकले झैं विश्वांसीहरुलाई पछाडि हेर्न र तिनिहरुलाई उनिहरुको आत्मिक वृद्धि कुन स्तर सम्म परमेश्वरले ल्याउनु भएको छ भनि थाहा गर्न र आगामी दिनहरुमा आईपने चुनौतिहरुलाई अवलोकन गर्न हामि उत्साह दिन्छौं । जति तिनिहरु आत्मविश्वांस पाउंछन् त्यति नै तिनिहरु विजयी हुंदै जान्छन् र यसले तिनिहरुलाई अझ शक्तिसाली र वलियो वनाउछ । हामि आशा गरौं कि परमेश्वरको वचनमा भएको तिनिहरुको आत्मविश्वांसले अरुको जीवनमा पनि आशाको निम्ति प्रेरणा जगाउनेछ ।

## चेलापनको तेश्रो तह : बलियो वनाउने विश्वांस :

- मुख्य विषयवस्तु : परमेश्वरसितको गहिरो घनिष्टता
- जव हामी परमेश्वरको असल कार्यलाई अझ राम्रोसँग थाहा गर्छौं र पुरा गर्छौं, कसरी परमेश्वर पितासँगको घनिष्टताले महिमित नतिजा ल्याउंछ भन्ने कुरा सिक्छौं । परमेश्वरले उहांको रहस्यमय व्यक्तित्वको प्रकाश दिनुहुन्छ, अझ अगाडि वढ्नको लागि स्वागत गर्नुहुन्छ र उहांको असल कार्य सम्पादनको लागि प्रयोग गर्नु हुन्छ ।
- म जस्तोसुकै अवस्थामा परेता पनि परमेश्वरले फल फलाउनु हुनेछ जसले उहांलाई महिमा दिन्छ ।
- जीवनको उद्धेश्य : परमेश्वरमा आनन्द मनाउनु र उहांको ईच्छा पुरा गर्नु
- शिक्षकले झैं राम्रा र अप्ठेरा समयको वाटो हुंदै र उहांको महिमित व्यक्तित्वको प्रदर्शनद्वारा हामिसंग एउटा गहिरो घनिष्टता सृजना गर्न परमेश्वरको विशेष ईच्छा छ भन्ने कुरा हामि जोड दिन्छौं ताकि उहांले हाम्रो जीवनद्वारा यो संसारमा धेरै असल र अचम्मका आशिषहरु ल्याउन सक्नु भएको होस् ।